# जिल्ला प्रशासन कार्यालय सल्यानको

# वार्षिक बुलेटिन

(२०७६ श्रावण देखि २०७७ असारमसान्त सम्म)







नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, सल्यान

**Website:- www.daosalyan.moha.gov.np**
**Email :- salyandao@gmail.com**
**Phone no:- 088520133, 088520071, 088520134**
**Fax:- 088520071**

# प्रमुख जिल्ला अधिकारीको मन्तव्य



राज्यको तर्फबाट प्रदान गरिने सवै प्रकारका सेवा प्रवाहहरुलाई शान्ति सुरक्षाको प्रत्याभूति दिई सुशासनका आधारभूत मान्यता समेतलाई मध्यनजर गरी नागरिक मैत्री बनाई सुशासनका आधारभूत मान्यता लाई टेवा पुर्याउने प्रमुख जिम्मेवारी जिल्ला प्रशासन कार्यालयको हो ।

नागरिकको जिउधनको सुरक्षाको प्रत्याभूति दिई कार्यालयबाट प्रदान गरिने सबै सेवाप्रवाहलाई कानून सम्मत तरिकाले बिना झण्झट उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय, सल्यान सधै अग्रसर रहि आएको छ । गृह मन्त्रालयका श्रीमान सचिव ज्यू एवं जिल्ला प्रशासन कार्यालय, सल्यानका प्रमुख जिल्ला अधिकारी बिच भएको कार्य सम्पादन सम्झौता तथा स्थानीय प्रशासन ऐन २०२८  अन्य प्रचलित ऐन, नियम र नेपाल सरकारबाट प्राप्त निर्देशन समेत लाई आधार मानी गरिएका मुख्य कार्यहरुको वार्षिक प्रतिवेदन तयार पारिएको छ । कार्यालयबाट प्रदान गरिने सबै प्रकारका सेवालाई सेवाग्राही मैत्री बनाउन र **COVID-19** को रोकथाम एवं नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन, सेवाग्राहीलाई शुद्ध पिउनेपानीको व्यवस्था, मुल प्रवेदद्वारमा हात धुने व्यवस्था, भवन प्रवेशमा सेनिटाइजर प्रयोगको अनिवार्यता जस्ता कार्यहरु अनिवार्य गरिएको छ ।

कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई आवश्यक पर्ने सूचना सम्बन्धित शाखाहरुबाट बिना कुनै झण्झट उपलब्ध गराउने कुनै गुनासो भए प्रमुख जिल्ला अधिकारीसंग सम्पर्क गर्ने सकिने जस्ता उपायहरु अवलम्वन गरिएको छ ।

नेपालको संविधान २०७२ अनुसार संद्यीयताको कार्यान्वयन भई सवै स्थानीय तहमा निर्वाचन भै सकेको छ । कतिपय विगतका ऐन, नियममा प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्दै आएका अधिकार एवं विषयहरु अन्य निकायहरुमा हस्तातरण भै सकेको अवस्थामा समेत त्यस्तै प्रकारका सेवा लिन आउने सेवाग्राहीहरुको संख्या उल्लेख रहेको छ । ती पुराना ऐन, नियम निर्देशिकालाई हालको परिवेश अुनसार संसोधन र परिमार्जन गरी सवै स्थानीय तहमा जानकारी गराउन सकिएमा यस्ता अधिकारको प्रयोगमा देखिने द्विविधा कम भएर जाने विश्वास गर्न सकिन्छ ।अन्त्यमा जिल्लामा नागरिकलाई दिइने सेवा प्रवाहलाई अझै गुणस्तरीय बनाउदै नेपाल सरकारले जारी गरेका निर्देशन एवं नीतिको कार्यान्वयमा यो कार्यालय सधै तत्परताका साथ लागी परेको समेत अनुरोध गर्न चाहन्छौ ।

**शिवराम पोखरेल**
**प्रमुख जिल्ला अधिकारी**

# विषयसुची


| सि.न. | विवरण | कैफियत |
|---|---|---|
| १ | जिल्लाको परिचय | |
| १.१ | जिल्लाका स्थानीय तहहरु | |
| १.२ | जिल्लाका धार्मिक तथा प्राकृतिक स्थलहरु | |
| १.३ | जिल्लाको सामाजिक, आर्थिक अवस्था | |
| २ | कार्यालयको स्वरुप र प्रकृति | |
| ३ | जिल्ला प्रशासन कार्यालय, सल्यानको काम, कर्तव्य र अधिकार | |
| ४ | निकायमा रहने कार्मचारीहरुको सख्या तथा कार्य विवरण | |
| ५ | | |
| ६ | जिल्ला प्रशासन कार्यालय, सल्यानमा कार्यरत कर्मचारीहरुको विवरण | |
| ७ | जिल्ला प्रशासन कार्यालय, सल्यानबाट सेवा प्राप्त गर्ने लाग्ने दस्तुर र समयावधि | |
| ८ | जिल्ला प्रशासन कार्यालय वाट सम्पादित मुख्य कार्यहरु | |

## १ जिल्लाको परिचय

कर्णाली प्रदेशमा रहेका दस जिल्ला मध्ये सल्यान जिल्ला महाभारत श्रङ्खलाको मध्य भागमा अवस्थित एक पहाडि जिल्ला हो । जिल्ला समुद्री सतहवाट ववइ नदिको ३२६ मिटर उचाइ देखी २८२७ मिटर उचाइको खर्शुवास लेकसम्म फैलिएको छ, यस जिल्लाको जिल्ला सदरमुकाम समुद्री सतहवाट १,५३६ मिटर उचाइमा रहेको छ । यो जिल्ला प्राकृतिक, धार्मिक तथा सँस्कृतीक सम्पदाले धनी जिल्ला मानिन्छ । नेपालको राजधानी काठमाण्डौ देखी करिब ४९६ कि.मी. (मोटर बाटो) को दुरीमा यस जिल्लाको जिल्ला सदरमुकाम खलङ्गा रहेको छ । करीव साढे दुई लाख जनसङ्ख्या भएको यस जिल्लाको क्षेत्रफल १,९५१ वर्ग कि.मी. (१,९५,१७८ हेक्टर) रहेको छ । यो जिल्ला २८डिग्री ३१ मिनेट देखी २८ डिग्री ५३ मिनेट उत्तरी अक्षांश र ८२ डिग्री ० मिनेट देखी ८२ डिग्री ४६ मिनेट सम्म पुर्वी देशान्तर सम्म फैलिएको छ ।यस जिल्लाको पूर्वमा रोल्पा , पश्चिममा सुर्खेत र बर्दिया उत्तरमा जाजरकोट र रुकुम दक्षिणमा दाङ र बाँके जिल्ला रहेका छन् । जिल्ला पूर्ण साक्षर घोषणा भैसेको छ । जिल्लामा प्राथमिक विद्यालय २७३, निम्न माध्यामि विद्यालय ९०, माध्यामिक विद्यालय ४८, उच्च माध्यामिक विद्यालय ३२ एवं ७ क्याम्पस सहित उच्च शिक्षाको लागि समेत गर्दा ४६० विद्यालयहरु संचानलमा रहेका छन् ।


### १.१ जिल्लाका स्थानीय तहहरु

जिल्लामा जिल्ला समन्वय समिति १, नगरपालिका ३, र ७ वटा गाँउपालिका गरी जम्मा १० वटा स्थानीय तहहरु रहेका छन् । जिल्लामा रहेका सबै स्थानीय तहहरुमा ७१ वटा वडा रहेका छन् । सबै स्थानीय निकायहरुमा निर्वाचित जन प्रतिनिधि रहेका छन् ।

**<u>जिल्लामा रहेका नगरपालिका र गाउँपालिकाहरु</u>**

| क्र.स. | नगरपालिका | गाँउपालिका |
|---|---|---|
| १ | शारदा नगरपालिका | कपुरकोट गाँउपालिका |
| २ | बागचौर नगरपालिका | कालिमाटी गाँउपालिका |
| ३ | बनगाड कुपिण्डे नगरपालिका | कुमाख गाँउपालिका |
| ४ | | छत्रेश्वरी गाँउपालिका |
| ५ | | दार्मा गाँउपालिका |
| ६ | | सिद्ध कुमाख गाँउपालिका |
| ७ | | त्रिवेणी गाँउपालिका |

**सल्यान जिल्लाको स्थानीयतह सहितको विभाजित भौगोलिक नक्सा**




## १.२ जिल्लाका धार्मिक तथा प्राकृतिक स्थलहरु

सल्यान जिल्ला पौराणिक एवं धार्मिक दृष्टिले महत्वपूर्ण रहेको छ । यस जिल्लामा खैरावाङ भुवनेश्वरी मन्दिर, लक्ष्मीपुर शक्तिपिठ, छाँयाक्षेत्र मन्दिर, कृष्ण मन्दिर लगायत अन्य साना ठूला दर्जनौ धार्मिक तिर्थस्थलहरु रहेका छन् । कुपिण्डे ताल र कछुवा दह जस्ता तालहरु पनि रहेका छन् । जिल्लाको उतर पश्चिममा बग्ने भेरी नदी र मध्य भागबाट बग्ने शारदा नदिका साथै मर्म खोला, वनगाड खोला, कोर्वाङ खोला, दार्मा खोला, मोखला खोला, चाक्ला खोला, धोवाटे जस्ता खोलाहरुले त्यस क्षेत्रमा बाह्रै महिना सिचाईको सुविधा उपलव्ध भएको छ । खास गरि शारदा नदिले कृषियोग्य फाँट र अन्य स साना नदिमा रहेका उव्जाउ फाँटहरुले यो जिल्ला अन्न एंव अन्य खाद्यान्न उत्पादनमा समेत आत्मनिर्भर रहेको छ ।

## १.३ जिल्लाको सामाजिक, आर्थिक अवस्था

सामाजिक अवस्था नेपालका अन्य जिल्लाहरुमा जस्तै सल्यानमा पनि विभिन्न प्रकारका जातजाती, धर्मालम्बीहरु र भाषा भाषीहरुको बसोबास रहेको पाइन्छ । वि.स. २०६८ को जनगणना अनुसार जिल्लाको कुल जनसंख्या २,४२,४४४ र घरपरिवार ४६, ५५६ रहेको छ । ५० भन्दा बढि जातजातीहरुको बसोबास रहेको पाइन्छ । यहाँका प्रमूख जातजातीहरु मध्ये क्षेत्री सबैभन्दा धैरै सङ्ख्यामा (५७ प्रतिशत) छन् । त्यसपछि धैरै सङ्ख्यामा रहेका अन्य जातजातीहरुमा क्रमशः मगर (१५ प्रतिशत), कामी (११.८ प्रतिशत), सन्यासी (३.५ प्रतिशत), ठकुरी (३.५ प्रतिशत), दमाइ(३ प्रतिशत), आदि रहेका छन् । त्यसैगरी राष्ट्रिय जनगणना २०६८ का अनुसार जिल्लामा २५ भन्दा बढि प्रकारका भाषाभाषीहरु (मातृभाषा र दोश्रो भाषा समेत) को उपस्थिति रहेको पाइएता पनि नेपाली भाषीहरुको बाहुल्यता रहेको छ ।

जिल्लाको आयको प्रमुख श्रोत कृषि पेशा रहेकोमा हालका वर्षहरुमा बैदेशिक रोजगारी आर्थिक श्रोतको रुपमा देखिएको छ । राष्ट्रिय कृषि गणना २०६८ अनुसार यस जिल्लाका ४२,४८० (कुल परिवारको करिब ९१ प्रतिशत) घर परिवार कृषि कार्यमा संलग्न छन् भने राष्ट्रिय जनगणना २०६८ अनुसार आर्थिक रुपले सक्रिय जनसङ्ख्या मध्ये ८० प्रतिशतभन्दा बढिले कृषिलाइ आफ्नो रोजगारीको मूख्य क्षेत्रको रुपमा लिएका छन् र ७९ प्रतिशतले मूख्य पेशा कृषी अङ्गालेका छन् । जिल्ला सदरमुकाम आसपास, बागचौर नगरपालिका, कपुरकोट, त्रिवेणी, छत्रेश्वरी गाउँपालिका लगायतका ठाँउहरुमा कृषकहरु व्यावसायिक खेती (बेमौसमी तरकारी, नगदे बाली, बाख्रा फार्म, बङ्गुर फार्म, गाइ फार्म तथा पोल्टी फार्म) तर्फ उन्मखु भएका छन् । खाद्यवाली मकै, धान र खेतमा लाग्ने गहुँका उन्नत जातहरुको व्यापक विस्तार भएको छ भने विउ प्रतिस्थापन दर वढ्दो छ । बेमौसमी तरकारी, तरकारी बीउ, अदुवा र सुन्तलाका व्यावसायिक खेतीका पकेट क्षेत्रहरु स्थापित छन् र विस्तार हुने क्रम जारी छ । यहाँका केही कृषि उत्पादनले राष्ट्रिय र भारतीय बजारमा समेत स्थान लिएको छ । व्यावसायिक खेतीको सम्भावना बोकेका अन्य बाली विधाहरुः अनार, बेमौसमी तरकारी खेती, आलु, लसनु , बेसार, च्याऊ र माहुरी पालन तर्फ पनि किसानहरुको ध्यान आकृष्ट छ । सल्यान जिल्ला तरकारी, अदवा र फलफूलको लागि प्रसिद्ध मानिन्छ ।

कृषिका अतिरिक्त गैर कृषि व्यावसाय गर्ने परिवारको प्रतिशत पनि उल्लेखनिय रुपमा बृद्धि भएको छ । सल्यानी जनताहरु सरकारी सेवा (निजामती,प्रहरी,शिक्षण, सेना आदि) व्यापार, व्यावसाय र बैदेशिक रोजगारमा पनि सक्रिय रहेका भेटिन्छन् भने रोजगारीको लागि कालापहाड (भारत) जानेको सङ्ख्या पनि अधिक छ । त्यैगरी बैदेशिक रोजगारीका लागि अरब, मलेशिया, दुवइ,कोरिया आदि मुलक हरुमा जानेहरुको सङ्ख्या पनि वढ्दो छ । खलङ्गा, शितलपाटी (श्रीनगर), लान्ती, लुहाम, कपुरकोट, मोखला, कालाखेत, थारमारे, खरीबोट, सल्लीबजार, ढोरचौर अदि सल्यान जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरु हुन् । औद्योगिक गणना २०६९ अनुसार कुटानी, पिसानी, पेलानी इत्यादी जस्ता घरेलु उद्योग बाहेक उल्लेखनिय उद्योग, प्रतिष्ठानहरु तथा व्यावसायहरु यस जिल्लामा रहेको देखिदैन । यस जिल्लामा सहकारी क्षेत्रको व्यापक विकास भैरहेको छ । यसबाट सल्यान जिल्लामा वित्तिय सुविधाका दृष्टिकोणले विगत भन्दा निकै विकास भएको स्थितिमा छ ।

समग्रमा सल्यान जिल्लाको प्रमुख आर्थिक आधार कृषि नै भएपनि गैरकृषि क्रियाकलापहरुमा यस जिल्लाले केही गति लिन लागेको देख्न सकिन्छ । जिल्लाका सबै स्थानीय तहहरुमा कच्ची मोटर बाटो पुगेको छ । जिल्लाभित्र ९० किमी रहेको राप्ती राजमार्ग जिल्लाको मध्यभाग हुँदै दाङ देखि रुकुम सदरमुकाम सम्म जोडिएकाले जिल्लाको यातायात सहज भएको छ भने छिन्चु जाजरकोट डोल्पा सडक खण्डको १५ किमी (पक्की सडक) जिल्ला हुँदै गएकोले जिल्लाको यातायात सहज भएको छ ।

## २. कार्यालयको स्वरुप र प्रकृति

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५ बमोजिम जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था बमोजिम यस जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो । जिल्लामा नेपाल सरकारको प्रमुख प्रतिनिधीको रुपमा रही शान्ति, सुरक्षा र सुब्यबस्था कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्दै स्थानीय तहहरु विच समन्वय गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । जिल्लामा बिकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

जिल्ला प्रशासन कार्यालय, सल्यानले यस जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दुरदृष्टि (Vision) का साथ विधिको शासन अवलम्वन गरी शान्ति सुरक्षाको अवस्थालाई सुदृढ बनाउँदै प्रभावकारी

सेवा प्रवाहको माध्यमद्वारा सुशासनको प्रत्याभूति गर्ने लक्ष्यहरु (Goals) लिएर काम गरिरहेको छ । यी लक्ष्य प्राप्तिका लागि यस कार्यालयले सुरक्षा निकायहरुको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवं जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्यहरु (Objectives) लाई आत्मसात गरेको छ ।

## ३. जिल्ला प्रशासन कार्यालय, सल्यानको काम, कर्तव्य र अधिकार

यस कार्यालयका काम, कर्तब्य र अधिकारहरु स्थानीय प्रशासन ऐन, २०२८ ले ब्यबस्था गरेको छ । यसका साथै नेपाल सरकारका अन्य ऐन, नियम, निर्देशिका तथा नेपाल सरकार तथा गृह मन्त्रालयको निर्देशन बमोजिम जिल्ला प्रशासन कार्यालय सल्यानको काम, कर्तव्य र अधिकार निम्न बमोजिम रहेको छ ।

- जिल्लामा शान्ति, सुरक्षा र सुब्यबस्था कायम गर्ने ।
- जिल्लामा संचालित विकास कार्यहरुमा सहयोग, सहजीकरण र आवश्यक समन्वय गर्ने ।
- जिल्लामा रहेका नेपाल सरकारका सम्पत्तिहरुको संरक्षण गर्ने ।
- जिल्लामा आइपर्ने विपद्हरुको ब्यबस्थापन गर्ने ।
- जिल्लामा वस्तुहरुको आपूर्ति व्यवस्थालाई सहजीकरण गर्र्ने ।
- जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने।
- प्रचलित कानूनद्वारा तोकिएका विषयहरुमा न्याय निरुपण गर्ने।
- नागरिकताको प्रमाणपत्र वितरण गर्ने ।
- हातहतियारको इजाजत प्रदान तथा नवीकरण गर्ने ।
- राहदानी सम्वन्धी कार्य गर्ने ।
- संस्था दर्ता तथा नवीकरण गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने ।

➢ प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य विविध कार्यहरु गर्ने ।

**४ निकायमा रहने कार्मचारीहरुको सख्या तथा कार्य विवरण**

| सि.नं. | दर्जा | श्रेणी | संख्या | पूर्ति | रिक्त | कार्य विवरण |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | – | जिल्लामा नेपार सरकारको प्रतिनिधिको रुपमा रही जिल्लामा शान्ति सुव्यवस्था ,सुशासन र सुरक्षा व्यवस्था मिलाउने । |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्धितीय | १ | – | – | प्रत्योजित अधिकार बमोजिम कार्य गर्ने । |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतीय | २ | २ | – | प्रत्योजित अधिकार बमोजिम कार्य गर्ने । |
| ४ | नायव सुब्वा | रा.प.अनं.प्रथम | ५ | १ | ४ | फाँट प्रमुख भई सम्बन्धित फाँटले गर्ने तोकिएका कार्य गर्ने |
| ५ | लेखापाल | रा.प.अनं.प्रथम | १ | १ | – | नियमानुसार लेखा सम्बन्धि श्रेस्ता राख्ने , लेखापरीक्षण गराउने । |
| ६ | कम्प्यटर अपरेटर | रा.प.अनं.प्रथम | २ | १ करार | १ | सूचना प्रविधि तथा कम्प्यटर सम्बन्धि कार्य गर्ने । |
| ७ | खरिदार | रा.प.द्धितीय | ३ | २ | १ | सम्बन्धित फाँट प्रमुखको मातहतमा रही कार्य गर्ने । |
| ८ | ह.स.चा. | श्रेणी विहीन | १ | १ करार | – | सवारी साधन चलाउने र आवश्यकताअनुसार कार्यालयको कामकाज गर्ने । |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहीन | ६ | २ स्थायी ४ करार | – | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखाको नाम | जिम्मेवार पदाधिकारी | सम्पर्क नं. | कार्य विवरण |
|---|---|---|---|---|
| १ | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा | प्रमुख जिल्ला अधिकारी | ९८५७८४७७७७ | जिल्लाको समग्र सामान्य प्रशासन संचालन,कर्मचारी प्रशासन आन्तरिक व्यवस्थापन, विपद व्यवस्थापन र शान्ति सुरक्षा सम्बन्धि सम्पूर्ण कार्य । |
| | | सहायक प्रमुख जिल्ला अधिकारी | | प्रत्योजित अधिकार बमोजिम कार्य गर्ने । |
| | | प्रशासकीय अधिकृत | | |
| | | कम्प्युटर अपरेटर | | शाखाको कार्य गर्ने । |
| | | ना.सु./ खरिदार | | शाखाको कार्य गर्ने । |
| २ | मुद्धा तथा हात हतियार शाखा | प्रमुख जिल्ला अधिकारी | ९८५७८४७७७७ | मुद्धा दर्ता , मुद्धा व्यवस्थापन ठाडो उजुरी तथा गुनासो उपर कारवाही र सिफारिस |
| | | सहायक प्रमुख जिल्ला अधिकारी | | प्रत्योजित अधिकार बमोजिम कार्य गर्ने । |
| | | प्रशासकीय अधिकृत | | |
| | | नायव सुब्बा | | शाखाको कार्य गर्ने । |
| ३ | नागरिकता शाखा | प्रमुख जिल्ला अधिकारी | | बंशज,जन्मको आधारमा नागरिकता प्रदान गर्ने,अंगीकृत नागरिककताका हकमा प्रकृया पुरा गरी पेश गर्ने, साथै नावालिक परिचयपत्र जारी गर्ने, नियमानुसार प्रतिलिपी नागरिकता जारी गर्ने । |
| | | सहायक प्रमुख जिल्ला अधिकारी | | प्रत्योजित अधिकार बमोजिम कार्य गर्ने । |
| | | प्रशासकीय अधिकृत | | प्रत्योजित अधिकार बमोजिम कार्य गर्ने । |
| | | नायब सुब्बा | | शाखाको कार्य गर्ने । |
| | | कम्प्युटर अपरेटर | | शाखाको कार्य गर्ने । |
| | | खरिदार | | शाखाको कार्य गर्ने । |
| | | कार्यालय सहयोगी | | शाखाको कार्य गर्ने । |
| ४ | राहदानी शाखा | प्रमुख जिल्ला अधिकारी | | राहदानी फाराम संकलन,तयारी राहदानी वितरण गर्ने । |
| | | सहायक प्रमुख जिल्ला अधिकारी | | प्रत्योजित अधिकार बमोजिम कार्य गर्ने । |
| | | प्रशासकीय अधिकृत | | प्रत्योजित अधिकार बमोजिम कार्य गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | ना.सु./खरिदार | | शाखाको कार्य गर्ने । |
| ५ | जिन्सी शाखा | प्रमुख जिल्ला अधिकारी | | जिन्सी निरिक्षण गर्ने एवं जिन्सीको व्यवस्थापन सम्बन्धी निर्देशन गर्ने । |
| | | सहायक प्रमुख जिल्ला अधिकारी | | प्रत्योजित अधिकार बमोजिम कार्य गर्ने । |
| | | खरिदार | | जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने । |
| ६ | आर्थिक प्रशासन शाखा | लेखापाल | | राजश्व र आर्थिक कारोवार सम्बन्धी कार्य गर्ने । |
| ७ | दर्ता – चलानी शाखा | खरिदार | | चिठीपत्र दर्ता तथा चलानी सम्बन्धी कार्य गर्ने । |
| **राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा तर्फ** | | | | |
| ८ | राष्ट्रिय परिचय पत्र व्यवस्थापन शाखा | प्रमुख जिल्ला अधिकारी | | राष्ट्रिय परिचयपत्र विवरण संकलन गर्ने । |
| | | सहायक प्रमुख जिल्ला अधिकारी | | प्रत्योजित अधिकार बमोजिम कार्य गर्ने । |
| | | प्रशासकीय अधिकृत | | |
| | | कम्प्युटर अपरेटर | | विवरण दर्ता गर्ने |
| ९ | सहायता कक्ष | कार्यालय सहयोगी | | सेवाग्राहीको लागि निवेदन तथा फाराम भर्ने /भराउने र काममा सहजीकरण गर्ने । |

## ६. जिल्ला प्रशासन कार्यालय, सल्यानमा कार्यरत कर्मचारीहरुको विवरण निम्नानुसार रहेको छ ।

| सि.नं. | जिम्मेवार पदाधिकारी | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री शिवराम पोखरेल | प्रमुख जिल्ला अधिकारी | ९८५७८४७७७७ | |
| २ | श्री नारायण लामिछाने | प्रशासकीय अधिकृत | ९८४११९६८९४ | |
| ३ | श्री थमन खड्का | प्रशासकीय अधिकृत | ९८४७९१०२२६ | |
| ४ | श्री लोक बहादुर घर्ती | नायब सुब्बा | ९८४७९९४१८० | |
| ५ | श्री टेक बहादुर खत्री | लेखापाल | ९८४८२२२८४४ | |
| ६ | श्री शंकर बुढाथोकी | खरिदार | ९८४४८८२९३८ | |
| ७ | श्री चन्द्रमणि नेपाली | खरिदार | ९८४८१९२९३६ | |
| ८ | श्री यम प्रसाद नेपाली | खरिदार | ९८४८९४२२२५ | हुलाकबाट काजमा आएको |
| ९ | श्री हरि बहादुर वली | कम्प्युटर अपरेटर | ९८४४८३३९६७ | करार |

| | | | | |
|---|---|---|---|---|
| १० | श्री रमेश सार्की | सहायक कम्प्युटर अपरेटर | ९८४७८७२४१४ | कारागारबाट काजमा आएको |
| ११ | श्री गेदलाल खत्री | कार्यालय सहयोगी | ९८४७८४४३९१ | |
| १२ | श्री निमलाल बुढाथोकी | कार्यालय सहयोगी | ९८१२८०९१०३ | |
| १३ | श्री चित्र बहादुर डाँगी | हल्का सवारी चालक | ९८४७८७८९८८ | करार |
| १४ | श्री शालिकराम घर्ति | कार्यालय सहयोगी | ९८४७९३४५६७ | करार |
| १५ | श्री ओम बहादुर भण्डारी | कार्यालय सहयोगी | ९८०९८८०१२६ | करार |
| १६ | श्री कैलु घर्ती | कार्यालय सहयोगी | ९८१०८०१५३८ | करार |
| १७ | श्री प्रतिमा बुढाथोकी | कार्यालय सहयोगी | ९८४७८९२५०४ | ज्वालादारी |
| **राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा तर्फ:** | | | | |
| १ | श्री मुकेश थापा | कम्प्युटर अपरेटर | ९८४७९९५५९२ | करार |
| २ | श्री लक्ष्मण के.एम. | कार्यालय सहयोगी | ९८१२८९१९०१ | करार |

**७. जिल्ला प्रशासन कार्यालय सल्यान वाट प्रदान गरिने सेवाहरु**

**(क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्वन्धी सेवाहरुः**

- नाम थर वा उमेर आदि प्रमाणित ।
- नावालक परिचयपत्र वितरण ।
- पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस ।
- दलित, मधेसी, आदिवासी जनजाति प्रमाणित ।
- पत्रपत्रिका दर्ता ।
- छापाखाना दर्ता ।
- पारिवारिक विवरण प्रमाणित ।
- नाता प्रमाणित ।
- शरणार्थी सम्वन्धी कार्य
- विविध कार्य ।

**(ख). राहदानी सम्वन्धी सेवाहरु**

- राहदानी फाराम संकलन ।
- द्रुत सेवा अभिलेख प्रमाणित ।

- राहदानी वितरण।
- MRP को विवरण संशोधन सिफारिस ।

**(ग) . नागरिकता सम्वन्धी सेवाहरु**

- वंशजको आधारमा नागरिकताको प्रमाण पत्र वितरण ।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण ।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण ।
- नाम थर जन्म मिति संशोधन ।

**(घ) मुद्दा तथा ठाडो उजुरी सम्वन्धी सेवाहरु**

- गुनासो वा ठाडो उजुरी ।

**(ङ) हातहतियार इजाजत तथा नवीकरण तथा पेन्सन सिफारिस सम्वन्धी सेवाहरु**

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण ।
- पारिवारिक पेन्सन,शपथ पत्र, दुइ नामथर र जन्ममिति प्रमाणित, रहलपलह सम्वन्धी सिफारिस

**(च) संस्था दर्ता तथा नवीकरण सम्वन्धी सेवाहरु**

- संस्था दर्ता ।
- संस्था नवीकरण ।
- संस्थाको विधान संशोधन ।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति ।

**(छ) आपूर्ति व्यवस्था अनुगमन सम्वन्धी सेवाहरु**

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन तथा नियमन ।

**(ज) विपद् व्यवस्थापन सम्वन्धी सेवाहरु**

- जिल्ला व्यवस्थापन समितिको वैठक व्यवस्थापन ।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण ।
- विपद् न्यूनीकरणका लागि तयारी ।

- विपदमा भएको क्षति विवरण संकलन ।
- विपदमा पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनस्स्थापना ।

**(झ) अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवाहरु**

- अख्तियार दुरुपयोग सम्वन्धी उजुरी एवं निवेदनहरु उपर छानवीन।

**(ञ) अन्य आकस्मिक रुपमा आइपर्ने सेवाहरु**

## ७. जिल्ला प्रशासन कार्यालय, सल्यानबाट सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समयावधि

| सि.न. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कै |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | १३। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | २५००। नावालक ५०००। साधारण | प्रक्रिया पुगेकै दिन | |
| ५ | द्रुत सेवा अभिलेख प्रमाणित | | प्रक्रिया पुगेकै दिन | |
| ६ | राहदानी वितरण | | तुरुन्त | |
| ७ | गुनासो वा ठाडो उजुरी | १० को टिकट | यथाशिघ्र | |
| ८ | नाम थर उमेर आदि प्रमाणित | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९ | नावालकको उमेर प्रमाणित | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १० | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | विवाह दर्ता | १० को टिकट | १५ दिन पछि | |
| १२ | संस्था दर्ता | १००० | प्रक्रिया पुगेकै दिन | |

८. जिल्ला प्रशासन

| | | | | |
|---|---|---|---|---|
| १३ | संस्था नवीकरण | ५००। | प्रक्रिया पुगेकै दिन | |
| १४ | संस्थाको विधान संशोधन | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १५ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १६ | दलित, मधेशी, आदिवासि सिफारिस | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १७ | पत्रपत्रिका दर्ता | दैनिक १०००।<br>साप्ताहिक ५००।<br>पाक्षिक ३००।<br>मासिक २००। | प्रक्रिया पुगेकै दिन | |
| १८ | छापाखाना दर्ता | १०००। | प्रक्रिया पुगेकै दिन | |
| १९ | हातहतियार नामसारी | १०००। | प्रक्रिया पुगेकै दिन | |
| २० | हा.ह. जिल्ला भित्रको नवीकरण | १५०। | प्रक्रिया पुगेकै दिन | |
| २१ | हा.ह. नेपाल भरिको नवीकरण | ३००। | प्रक्रिया पुगेकै दिन | |
| २२ | नाम थर जन्म मिति संशोधन | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २३ | नाता प्रमाणित | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २४ | क्षतिपूर्ति एवं राहत वितरण | | प्रक्रिया पुगेकै दिन | |
| २५ | सार्वजनिक अपराध सम्वन्धी मुद्दा | १०। को टिकट | कानून वमोजिम | |
| २६ | अख्तियार दुरुपयोग सम्वन्धी मुद्दा | १०। को टिकट | यथाशिघ्र | |
| २७ | अन्य मुद्दा | १०। को टिकट | यथाशिघ्र | |

**कार्यालय वाट सम्पादित मुख्य कार्यहरु**

## ८.१ नियमित कार्यहरु

(क) यस कार्यालयवाट यस आर्थिक वर्षमा बंशज तर्फ ३,९३१ वटा नागरिकता प्रमाणपत्र जारी भएको र प्रतिलिपि नागरिकता प्रमाणपत्र ६०६ वटा जारी भै जम्मा ४,५३७ नागरिकता प्रमाणपत्र जारी भएको छ । बैबाहिक अंगिकृत तर्फ भने कुनै नागरिकता प्रमाणपत्र जारी भएन ।

(ख) जिल्लाको सिफारिसमा राहदानी विभागवाट २,०५९ र जिल्लावाट ६९४ गरि जम्मा २,७५३ वटा राहदानीका लागि सिफारिस दिइएको । तथा जिल्ला वाट १२४ जनालाई राहदानी वितरण गरेको ।

(ग) यस कार्यालयवाट १७९ जनालाई दलित प्रमाणपत्र, ८२ जनालाई जनजाती प्रमाणपत्र र ३१२ जना व्यक्तिको नाम, थर, उमेर आदि प्रमाणित गरिएको ।

(घ) द्वन्दपिडित २६ जना व्यक्तिहरुलाई असक्त, अपांग भत्ता वापत रु २३,४३,२०० वितरण गरिएको ।

(ङ) आगलागि, वाढी, पहिरो लगायत अन्य विपद्का घटनावाट पीडित ५० परिवारहरुलाई जम्मा रु. ३, ९२,००० राहत वितरण गरिएको ।

## ८.२ शान्ति सुरक्षा सम्बन्धी कार्य

(क) यस आ.व. मा प्रत्येक महिनामा न्यूनतम २ वटा हुने गरि वर्षभरी ८४ वटा सुरक्षा समितिको बैठक वसेको । कोभिड १९ को संक्रमणलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नको लागि DCCMC को २१ बैठक वसेको । भारतवाट आएका ६९२८ तेस्रो मुलुकवाट आएका २४७ तथा जिल्लाभन्दा वाहिर वाट जिल्ला प्रवेश गर्ने व्यक्तिहरु समेत गरि जम्मा ९२०५ जना मानिसहरुलाई क्वारेन्टिनमा राखिएको । कोभिड १९ वाट संक्रमित २४९ जनालाई Isolation Ward को व्यवस्थापन गरि उपचार गरिएको । जिल्लामा रहेका स्थानीय तह, राजनितिक दल, गैर सरकार संघ संस्थाहरु सँगको समन्वयमा प्रभावकारी रुपमा सुरक्षा व्यवस्थापन गरेको ।

(ख) गैर कानुनी कार्यको नियन्त्रण एवं अदालतवाट विगतमा फैसला भई कार्यान्वयनमा (जरिवाना र कैद) हुन नसकेका ९३ जनालाई कारवाहीको दायरामा ल्याइएको ।

(ग) जिल्लाको शान्ति सुरक्षा लगायत अन्य विषयमा छलफल गर्न सिमाना जोडिएका सुर्खेत, दाङ, बाँके, रुकुम (पश्चिम), जाजरकोट जिल्लासँग जिल्ला समन्वय बैठक गरि शान्ति सुरक्षा तथा अपराध नियन्त्रण मा आपसी समन्वय र पारस्परिकता अभिबृद्धि गरेको ।

**८.३ विपद् व्यवस्थापन सम्बन्धि कार्य**

(क) जिल्ला विपद् पूर्व तयारी प्रतिकार्य योजना तयार गरिएको ।

(ख) क्वारेन्टीन, आइसोलेसन लगायतका कार्यहरुको व्यवस्थापनको लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल परिचालन गरिएको तथा विपद्का अन्य घटनाका पिडितलाई तत्काल राहत वितरण गरिएको ।

**८.४ कोभिड १९ सम्वन्धि कार्य**

(क) मिति २०७६ साल चैत्र १४ गते प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा कोभिड १९ सम्वन्धि कमाण्ड पोष्टको गठन गरिएको । साथै मिति २०७६ साल चैत्र २१ गते कोभिड १९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि जिल्लागत संरचनाको गठन गरिएको ।

(ख) कोभिड १९ को संक्रमण रोक्न विपद् व्यवस्थापन कोषवाट पिपिइ, Gloves लगायतका सामानहरुको खरिद गरिएको ।

(ग) जिल्लामा रहेका सबै स्थानीय तहहरु सँग समन्वय गरि सबै स्थानीय तहमा सम्पर्क व्यक्ति निश्चित गरि सूचना संकलन आदानप्रदान गरेको ।

(घ) सवै स्थानीय तहहरुमा भारत लगायत अन्य मुलुकवाट आएका मानिसहरुको व्यवस्थापन गर्नको लागि क्वारेन्टिनको व्यवस्थापन गरेको ।

(ङ) जिल्लामा देखिएका कोभिड १९ का संक्रमित व्यक्तिहरुलाई राख्नको लागि जिल्ला सदरमुकाम, बनगाड कुपिन्डे नगरपालिका तथा छत्रेश्वरी गाँउपालिकामा आइसोलेसनको व्यवस्थापन गरेको ।

(च) कोभिड १९ संक्रमित व्यक्तिहरुलाई ओसारपोसार गर्नको लागि स्वास्थ्य सेवा कार्यालय सल्यानमा २ वटा एम्वुलेन्स Stand by राख्ने व्यवस्था मिलाएको ।

(छ) भारत लगायत तेस्रो मुलुकवाट जिल्ला भित्रिएका मानिसहरुको RDT तथा PCR चेक जाँच गर्ने व्यवस्थापनको लागि समन्वय गरेको ।

(ज) लकडाउनलाई प्रभावकारी बनाउनको लागि पास विना कुनै पनि सवारी साधनको आवागमन हुन नदिएको ।

### ८.५ राष्ट्रिय परिचय पत्र वितरण सम्वन्धि कार्य

जिल्लाका १० वटै स्थानीय तहका मानिसहरुलाई राष्ट्रिय परिचय पत्र सम्वन्धि जानकारी गराइएको । यस आर्थिक वर्षमा जम्मा ५,५७४ जनाले राष्ट्रिय परिचय पत्रको लागि फाराम भरेको ।

### ८.६ मुद्‍दा सम्वन्धि कार्य

यस आर्थिक वर्षमा ५६ वटा मुदा दर्ता भएकोमा ३८ वटा मुददा फछ्यौंट भएको ।

### ८.७ बेरुजु फछ्यौंट

भवन निमार्ण तर्फ अघिल्लो आर्थिक वर्षमा देखिएको रु ५,२४,६९४ बेरुजु मध्ये चालु आ. व. को अन्तसम्ममा रु . ३,९२,९३३ बेरुजु फछ्यौंट गरी बेरुजु फछ्यौंट प्रतिशत ७४.८९ पुगेको छ ।

### ८.८ राजस्व धरौटी

यस आ. व. मा सरकारी सम्पत्तिको विक्रिवाट प्राप्त रकम रु. २२,८०० राहदानि शुल्क वापत ३७, ९२,६०० र दण्ड जरिवाना सहित अन्य वापत रु. ६,२३,४८३ गरी जम्मा रु. ४४, ३८, ८८३ रकम जम्मा भएको छ । धरौटी तर्फ यस आ. व. को अत्यसम्ममा  रु ४४, ५७, १४७ रुपैयाँ ९८ पैसा जम्मा भएको छ ।

### ८.९ अनुगमन, निरिक्षण सम्वन्धि कार्य

उपभोक्ता हित विपरित भएका गतिविधि सम्वन्धि गुनासो सुन्ने संयन्त्रको विकास गरिएको । शारदा नगरपालिका लगायत विभिन्न स्थानीय तहहरुसँग समन्वय गरि बजार अनुगमन गरिएको । नियमित विपरित कारोवार गर्ने ३ वटा पसलहरुलाई कारवाही गरिएको ।

### ८.१० समन्वय र आकस्मिक कार्य

(क) जिल्लामा रहेका सवै सरकारी कार्यालय, गैर सरकारी संघसंस्थासँग समन्वय गरि विकास निर्माण एवं अन्य कार्यको समन्वय गरी कार्य प्रभावकारिता वढाएको ।

(ख) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहवाट निर्धारित कार्यक्रम संचालनको लागि समन्वय गरेको ।

(ग) आकस्मिक रुपमा आई परेका अन्य कार्यहरु फर्छ्यौट गरिएको ।

(घ) जिल्लामा रहेका राजनैतिक दल एवं अन्य संघ संस्थाहरुसँग समन्वय गरि कोभिड १९ को रोकथाममा परिचालन गरिएको ।

**८.११ विविध कार्यहरु**

(क) देवस्थल कैनडाडा चौरजहारी सडक अन्तगर्त नाथे खोला पुल निमार्णको क्रममा हुन सक्ने विरोध रोक्नको लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी गुल्मको टोलीलाई संयुक्त रुपमा खटाई पुल निमार्णलाई निरन्तरता दिएको ।

(ख) जिल्लाको कपुरकोट गाउँपालिका वडा नं. ५ मा स्थित रिममा मिति २०७६ साल माघ ८ गतेका दिन स्थापना भएको अस्थाई प्रहरी पोष्ट रिम लाई उक्त स्थानको सुरक्षा संवेदनशिलतालाई मध्यनजर गर्दै स्तर बृद्धि गरी प्रहरी चौकी रिम स्थापना गरेको ।

(ग) कुमाख गाउपालिकाको पानी दुषित गरेको मुद्दाको अनुसन्धान गरी प्रतिवेदन तयार गरेको ।

(घ) यस अवधिमा जिल्लामा १० वटा नयाँ संस्थाहरु दर्ता गरेको तथा २७ वटा संस्थाहरु नविकरण गरेको ।

(ङ) कार्यालयको नव निर्मित भवनको परिसरमा ढलान गरिएको तथा कार्यालय हाता वरपर वृक्षारोपण तथा बगैचा वनाई कार्यालयलाई आकर्षक बनाएको ।

(च) आ व ०७७र७८ को जिल्ला दररेट स्वीकृत गरी जिल्ला प्रशासन कार्यालयको web page मा Up Load गरिएको ।

**९. जिल्ला प्रशासन कार्यालय सल्यानवाट प्रयोग भएका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३

- विपद न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४
- लागु औषध नियन्त्रण ऐन , २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण ९अधिकार० ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- केही सार्वजनिक अपराध ९नियन्त्रण० ऐन, २०२७
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- उपभोक्ता संरक्षण ऐन , २०५४
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता नियमावली, २०३४
- विवाह दर्ता नियमावली, २०२८
- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन व्यवस्थापन तथा संचालन नियमावली,¸ २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहत सम्वन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- गृह प्रशासन सुधार कार्ययोजना योजना, २०७४
- जिल्ला प्रशासन कार्यालय गुल्मीको कार्ययोजना¸ २०७५

## जिल्ला प्रशासन कार्यालय, सल्यानमा विभिन्न मिति र समयमा बसेका बैठकहरुको तस्वीरहरु





जिल्ला प्रशासन कार्यालय, सल्यानमा बसेको DCCMC बैठक

अर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्रीज्युको उपस्थितीमा बसेको विपद व्यवस्थापन सम्बन्धी बैठकका

## जिल्ला प्रशासन कार्यालय.सल्यानमा भौतिक सुधार सम्बन्धी भएका कार्यहरु



पहिलेको अवस्था



हालको अवस्था

जिल्ला प्रशासन कार्यालय सल्यानको परिसर र भवन





जिल्ला प्रशासन कार्यालय सल्यानमा सवाग्रहीहरु बिचमा भौतिक दरी कायम गर्न निर्धारण गरीएको घेरा ।

# सल्यान जिल्लामा रहेका प्रसिदध धार्मिक तथा पर्यटकीय स्थलहरु



छत्रेश्वरी मन्दिर



खैरावाङ मन्दिर



कुपिण्डे दह



लक्ष्मीपुर



जिल्ला प्रशासन कार्यालय सल्यानको परिसरमा रहेको कृष्ण मन्दिर



जिल्ला प्रशासन कार्यालय सल्यानमा रहेको **Badminton court**

# जिल्ला प्रशासन कार्यालय, सल्यान


Website:- www.daosalyan.moha.gov.np
Email :- salyandao@gmail.com
Phone no:- 088520133, 088520071, 088520134
Fax:- 088520071